# येशू ख्रीष्टका मौलिक शिक्षाहरू
# (Jesus and His Teachings)

लेखकः
कार्लोस स्टेगर
**(Carlos Steger)**

<u>अनुवादक</u>
भजुराम श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
नेपाल सेक्सन
नेपाल

(Seventh-Day Adventist Church, Nepal Section)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७१ (२०१४)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह

प्रुफ शोधक: माया तामाङ्ग

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक:**
पा. उमेश कुमार पोखरेल,
६६३७१८१, "Umesh Pokharel" <umesh.shantipokharel@gmail.com>,
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**
पा. दिल्ली राम राई ९७४३०१६७३२ पा. दानी खुजुर ९८४२७८२८७९

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# अलौकिक गुरू

बालककालदेखि हामी कुनै न कुनै शिक्षक वा शिक्षिकाद्वारा हामीहरूको अध्यापन हुन्छ। विभिन्न शिक्षकहरूले हामीहरूको जीवनमा विभिन्न प्रभावहरू पारेका हुन्छन्। तर कुनै न कुनै यस्ता महान् शिक्षकको याद हामीलाई आइरहनसक्छ जसले हामीहरूको जीवनमा अत्यन्त गहिरो प्रभाव पारेको हुन्छ। त्यसता शिक्षकले हामीहरूको जीवनमा नयाँ आयाम नै थपिदिएको हुन्छ। हामीहरूको जीवनलाई नयाँ मोड दिने शिक्षकको अत्यन्त प्रशंसा र सऱ्हाहना हामी गर्दछौं। कतिपय शिक्षकहरूले भावी पिढीहरूलाई पनि प्रभाव पारिरहेको हुन्छ। उल्लेखनीय शिक्षकहरूले अरुको जीवन र सोचबिचारलाई प्रभाव पारेको हुन्छ। ती शिक्षकहरूलाई कतिपयले हृदयदेखि सम्मान गरेको हुन्छ। सारा शिक्षकहरूमा येशू उत्कृष्ठ शिक्षक वा गुरु हुनुहुन्थ्यो।

येशूलाई चिन्नेहरूले उहाँलाई गुरु भनेर सम्बोधन गर्दथे। प्रथम शताब्धीमा उहाँ अत्यन्त महान् र उल्लेखनीय यहूदी धार्मिक गुरू वा रब्बी भएको प्रमाणित गर्नुभएको थियो। त्यसबेलाको चलन अनुसार उहाँले सिकाउनु हुँदा भुईंमा बसेर वा पलेटी कसेर बस्नु हुन्थ्यो। प्रायजसो उहाँले बाइबलका पदहरूलाई उद्‌ध गर्नुहुन्थ्यो र त्यसको टिप्पणी गर्नुहुन्थ्यो। अन्तमा येशूका विशेष अनुयायी समूह वा चेलाहरू पनि थिए जो उहाँसँग निकट रहेर उहाँको मुखारबाट निस्केका वचनहरू ध्यान दिएर सुन्दथे र उहाँको सेवाटहल गर्दथे।

तर येशू र संसारमा आएका अरू गुरु वा शिक्षकहरूमा केही उल्लेखनीय भिन्नताहरू छन्। प्रायजसो सबै शिक्षक वा गुरूहरूले नीतिनियम, आदर्श चरित्र र बौद्धिक वा आत्मिक ज्ञानहरूको बारेमा सिकाउँछन्। तर यस संसारमा रहँदा मानव मोल वा जीवन आफैको बारेमा चर्चा गर्नुहुन्थ्यो। खाली दिमागले मात्र होइन हृदयले पनि परमेश्वरको पक्षमा रहन निर्णय गर भनेर उहाँले आफ्ना श्रोताहरूलाई आह्वान गर्नुहुन्थ्यो। उहाँका शिक्षा तथा अर्ती सुन्नेहरू त्यसदेखि अचम्म मान्दथे। उहाँ कुनै केवल आफूले पाएका ज्ञान अरूलाई सिकाउनेमात्र नभएर आधिकारिक व्यक्ति नै भएर सिकाउनुहुन्थ्यो। त्यसबेलाका नीतिनियम सिकाउने धर्मगुरुहरूले जस्तो उहाँले सिकाउनु भएको थिएन (मर्कूस् १:२२)। जुन् आधिकारिक व्यक्तित्व भएर ख्रीष्टले सिकाउनुहुन्थ्यो त्यसले मानिसरूमा अत्यन्त अतुलनीय प्रभाव पार्दथे, किनभने उहाँल केवल यसो गर त्यसो गर

भनेरमात्र सिकाउनुभएको थिएन तर आफूले सिकाएको अनुसार आफै चल्नुहुन्थ्यो। अरू पण्डितहरूले जस्तो पाठहरू भटयाउने उहाँको चरित्र थिएन। तर सबभन्दा महत्वपूर्ण कुरो त यो छ कि उहाँको आधिारिकता आफैबाट आएको थियो। आफै सत्य हुनुभएकोले उहाँले सत्यको बारेमा सिकाउनुहुन्थ्यो। जब परमेश्वर (येशू) मानव चोला लिएर आउनुभयो तब उहाँले मानविय चलनलाई पनि अध्यास गरेर यो भन्नुभएको थियो "यसरी परमेश्वरले बोल्नुहुन्छ।" तर उहाँले यो पनि थप्नुहुन्थ्यो "म तिमीहरूलाई भन्दछु।"

येशूले धेरै शिक्षादिक्षाहरू दिनुभएको थियो। यस अध्यायमा सुसमाचारका पुस्तकहरूमा आधारित येशूका केही मूल शिक्षाहरूको बारेमा हामी अध्ययन गर्नेछौं। हामीहरूको दैनिक आत्मिक जीवनलाई सुसम्पन्न गराउन धेरै कुराहरू सिकाउनुभइको थियो। उहाँका वचन सुन्न विभिन्न वर्गका मानिसहरू उहाँको अगाडी झुम्मिन्थे। प्रत्येक श्रोताले उहाँको वचनलाई हृदयंगम गरून् भनेर त्यसको आवश्यकता अनुसार उहाँले सिकाउनुहुन्थ्यो। उहाँकहाँ आउने मानिसको चाहनाप्रति उहाँ संवेदनशील हुनुहुन्थ्यो। कस्तो मानिसलाई कसरी सिकाउनु पर्छ भन्ने शिक्षण कलामा उहाँ निपुण हुनुहुन्थ्यो। कहिलेकाहीँ उहाँले सार्बजिनिक रूपमा प्रवचन दिनुहुन्थ्यो। कहिलेकाहीँ उहाँले व्यक्तिगत मानिसलाई सिकाउनुहुन्थ्यो भने कहिलेकाहीँ समूहलाई। कहिलेकाहीँ उहाँले आत्माज्ञानलाई खुलस्त गरेर सिकाउनुहुन्थ्यो भने कहिलेकाहीँ उहाँले सिकाउँदा रहस्यहरू लुकेको हुन्थ्यो। तर उहाँले जहिले पनि मानव कल्याणको निम्ति परमेश्वर  र मुक्तिको बारेमा सिकाउनुहुन्थ्यो।

येशूको मुखारबाट निस्केका वचनहरू  विभिन्न समूहहरूमा मिलाएर व्यवस्थित ढँगले सिक्न सक्छौं। उहाँका अर्तीकथाहरूलाई एकै समूहमा राखेर त्यसबाट शिक्षाहरू लिन सक्छौं भने उहाँका प्रवचनहरूमा गहिरोरूपमा कोटयाउँदै हामी सिक्न सक्छौं। अर्को उपायमा उहाँले व्यक्ति व्यक्तिहरूसँग गर्नुभएको कुराकानीको बारेमा सिक्नसक्छौं भने अर्कोमा उहाँले समूह र उहाँका बैरीहरूसँग भएको छलफललाई विषयवस्तु बनाएर सिक्नसक्छौं। उहाँका क्रियाकलाप, उहाँका मनस्थिति वा नियत, उहाँका भावना र उहाँका अलौकिक कामहरूको बारेमा अध्ययन गर्नुपनि रोचकको विषय नै हो। उहाँले जे सिकाउनुभएतापनि वा जसरी सिकाउनुभएतापनि उहाँका शिक्षादिक्षाहरूमा महत्त्वपूर्ण पाठहरू हुन्थ े। उहाँको प्रत्येक शिक्षा फलदायिक थियो। तर

उहाँको शिक्षादिक्षाको बारेमा असली र पूर्ण चित्रण पाउन उहाँले सिकाउनुभएको विभिन्न तरिकालाई समावेश गरेर यस  अध्यायमा अध्ययन गर्नेछौं। विभिन्न विशेश विषयवस्तुहरूलाई सिकाउन उहाँले विभिन्न तरिकाहरू कसरी अपनाउनुभयो भन्ने विषयमा हामी सिहाँवलोकन गर्नेछौं। यी तरिकाहरूको बारेमा हामी जानकारी लिन सक्यौं भने उहाँले सिकाउनुभएको शिक्षादिक्षाको बारेमा राम्ररी बुझ्न सक्षम् हुनसक्छौं।

जब हामी यस अध्यायले औंल्याएको अनुसार पवित्र बाइबल पढ्छौं र उहाँका वचनहरू मनन गर्छौं तब हामी पनि उहाँका यस्ता श्रोताहरू भएर बसौं जो पहाडमा, समुद्रको छेऊमा र सिनीगग अर्थात् यहूदी धार्मिक स्थलहरूमा बसेर सुनेका थिए। उहाँले सिकाउनुभएको सन्देशहरूबाट गहिरो आत्मज्ञा पाऔं र क्रुसमा उहाँले प्रदर्शन गर्नुभएको असिमित प्रेमको बारेमा अझ राम्ररी बुझौं भनेर हामी प्रार्थना गरौं। जब उहाँले हामीलाई उहाँको पछि लाग्न उहाँको सुमधुर आवाज हामी सुन्दछौं तब हामी उहाँलाई भक्तिपूर्वक पछ्याउने हामीहरूको प्रतिवद्धतालाई पुःन नविकरण गरौं र दिनदिनै उहाँका वचनहरू पालन गर्न उहाँलाई हामी वचन दिऔं। जब हामी उहाँको पाऊमा वढी समय बिताउँछौं तब हामी पनि इम्मायुको बाटोमा हिंड्ने दुई चेलाहरू जस्तो हुनेछौं। तिनीहरूले एक आपसमा अचम्म भएर सोधेका थिए “हैन, बाटोमा हिंडदा उहाँले कुरा गर्दा र धर्मशास्त्रलाई पल्टाउँदा हामीहरूको हृदय दनदन जलेन र?" (लूका २४ः३२ रूपान्तरित)।

यस अध्यायको लेखक कार्लोस ए. स्टिगर हुनुहुन्छ। उहाँ पास्टर, शिक्षक, सम्पादक र प्रशासक भएर काम गर्नुभएको थियो। अहिले उहाँ रिभरप्लेट एडभेन्टिस्ट विश्वविद्यालयको धार्मिक अध्ययन विभागको अध्यक्ष हुनुहुन्छ। उहाँ र उहाँका श्रीमती इथलका तिन छोराछोरीहरू छन् र तिन नातीनातीनाहरू छन्।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | हामीलाई अति नै माया गर्नुहुने... | १ |
| २ | पुत्र र येशू ख्रीष्ट | १५ |
| ३ | पवित्र आत्मा | २९ |
| ४ | मुक्ति | ४३ |
| ५ | परमेश्वरले उपलबध... | ५७ |
| ६ | येशूमा बढ्नु | ७१ |
| ७ | येशूको अनुसरण गर्दै | ८७ |
| ८ | चर्च | १०२ |
| ९ | यस संसारमा हाम्रो लक्ष्य | ११८ |
| १० | परमेश्वरको व्यवस्था | १३२ |
| ११ | शबाथ | १५० |
| १२ | मृत्यु र पुनरुत्थान | १६४ |
| १३ | येशूको दोस्रो आगमन | १७९ |

## अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन – असार १४, २०७१ (जुन २८, २०१४)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १४-२० (जुन २८-जुलाई ४) |
| २ | अध्याय २ | असार २१-२७ (जुलाई ५-११) |
| ३ | अध्याय ३ | असार २८-श्रावन २ (जुलाई १२-१८) |
| ४ | अध्याय ४ | श्रावण ३-९(जुलाई १९-२५) |
| ५ | अध्याय ५ | श्रावण १०-१६ (जुलाई २५-अगस्ट १) |
| ६ | अध्याय ६ | श्रावण १७-२३ (अगस्ट २-८) |
| ७ | अध्याय ७ | श्रावण २४-३० (अगस्ट ९-१५) |
| ८ | अध्याय ८ | श्रावण ३१-भदौ ६(अगस्ट १६-२२) |
| ९ | अध्याय ९ | भदौ ७-१३ (अगस्ट २३-२९) |
| १० | अध्याय १० | भदौ १४-२० (अगस्ट ३०-सेप्ट ५) |
| ११ | अध्याय ११ | भदौ २१-२७ (सेप्टेम्बर ६-१२) |
| १२ | अध्याय १२ | भदौ २८-असौज ३(सेप्टेम्बर १३-१९) |
| १३ | अध्याय १३ | असौज ४-१० (सेप्टेम्बर २०-२६) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| | अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | असार १४-२० (जुन २८-जुलाई ४) | | | | | | | |
| २ | असार २१-२७ (जुलाई ५-११) | | | | | | | |
| ३ | असार २८-श्रावन २ (जुलाई १२-१८) | | | | | | | |
| ४ | श्रावण ३-९(जुलाई १९-२५) | | | | | | | |
| ५ | १०-१६ (जुलाई २५-अगस्ट १) | | | | | | | |
| ६ | श्रावण १७-२३ (अगस्ट २-८) | | | | | | | |
| ७ | श्रावण २४-३० (अगस्ट ९-१५) | | | | | | | |
| ८ | श्रावण ३१-भदौ ६(अगस्ट १६-२२) | | | | | | | |
| ९ | भदौ ७-१३ (अगस्ट २३-२९) | | | | | | | |
| १० | भदौ १४-२० (अगस्ट ३०-सेप्ट ५) | | | | | | | |
| ११ | भदौ २१-२७ (सेप्टेम्बर ६-१२) | | | | | | | |
| १२ | भदौ २८-असौज ३(सेप्टेम्बर १३-१९) | | | | | | | |
| १३ | असौज ४-१० (सेप्टेम्बर २०-२६) | | | | | | | |